
स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यही भदौ २१ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म “देवी”को शीर्ष गीत सार्वजनिक गरिएको छ। गीतमा अभिनेत्री शिल्पा मास्के नृत्य गर्दै प्रस्तुत छिन्। सुरुमा उनी शास्त्रीय नृत्य गर्दै देखिएकी छन्। यो गीतले नारीको पीडा बोलेको छ। स्वप्निल शर्माको स्वर र शब्द रचना तथा रोहित शाक्य संगीत रहेको गीतमा मिङ्मा लेप्चाको नृत्य निर्देशन र निर्देशन छ भने बशिष्ठ घिमिरेको छायांकन छ।

**आजको विचार...**



डा. अतीन्द्र दाहाल

(सेवा)...

*(दुई पेजमा)*

(दुई पेजमा)

विजयादशमी (दशैं)को घटस्थापनालाई लक्षित गरेर आगामी असोज १७ गतेबाट प्रदर्शन हुन लागेको फिल्म “बेहुली फ्रम मेघौली”को टिजर सार्वजनिक गरिएको छ । हल रिलिजको एक सातापछि युट्युबमा सार्वजनिक गरिएको साढे २ मिनेटको टिजरले फिल्मको कथावस्तुबारे प्रकाश पार्छ । छोरीको विवाहका लागि एउटा परिवारले केटा खोज्न गरेको संघर्षलाई रोचक शैलीमा देखाइएको छ । ३० वर्षकी स्वस्तिमा खड्कालाई परिवारबाट बिहेको दबाब बढेको छ । परिवारले विभिन्न केटा देखाउँछन् ।



❐ वर्ष ३० ❐ अंक ४० ❐ २०८१ भदौ ९ गते आइतबार 25 August 2024, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### छुरा आक्रमणमा तीन जनाको मृत्यु

**(रासस/एएफपी)**

**सोलिनजेन (जर्मनी),** भदौ ८/पश्चिमी जर्मनीको सोलिनजेन सहरमा शुक्रबार आयोजित एक उत्सवमा छुरा आक्रमण हुँदा तीन जनाको मृत्यु हुनुका साथै चार जना गम्भीर घाइते भएको प्रहरीले जनाएको छ ।

प्रहरीले संदिग्ध आक्रमणकारीको खोजी जारी राखेको बताएको छ । ‘अहिलेसम्म आतङ्ककारीबारे कुनै विस्तृत विवरण छैन, प्रहरीले फोटो र भिडियोसहित अनलाईन पोर्टलमार्फत शुक्रबार राती भएको आक्रमणको जानकारी खोजिरहेको छ’, डुसेलडोर्फ सहरका एक प्रहरी प्रवक्ताले बताए । आक्रमणको लगत्तै विशेष प्रहरी बलको टोली हेलिकप्टरसहित घटनास्थलमा पुगेको थियो । आक्रमणकारीले ‘मानिसहरूलाई अन्धाधुन्ध छुरा प्रहार गरेको’ बिल्ड दैनिकले जनाएको छ । सोलिनजेन सहरको ६५०औँ वार्षिकोत्सवका अवसरमा आयोजित महोत्सवमा यो आक्रमण भएको हो । सोलिनजेनका मेयर टिम-ओलिभर कुर्जबाचले घटनाबाट सम्पूर्ण सहर स्तब्ध भएको बताए । ‘हामी सबै मिलेर सहरको वार्षिकोत्सव मनाउन चाहन्थ्यौं तर अहिले यस अप्रिय घटनामा मृत्यु हुनेप्रति शोक व्यक्त गरिरहेका छौं’, कुर्जबाचले भने । कुर्जबाचले घटनास्थलमा गरेको कामको लागि आपतकालीन सेवालाई धन्यवाद दिए र आक्रमणको प्रत्यक्षदर्शीप्रति सहानुभूति प्रकट गरेका छन् ।

## लोक दोहोरी प्रतिष्ठान पाल्पाको २२ औं साधारण सभा

# प्रतिष्ठानमा बौद्धिक बहस चलाउन आवश्यक: रायमाझी

## विधान सभामा एजेण्डा लैजान पाल्पा प्रतिष्ठानलाई आग्रह

**रामचन्द्र रायमाझी**

**पाल्पा,** भदौं ८/राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका केन्द्रीय पूर्व अध्यक्ष तथा पाल्पाका संरक्षक बरिष्ठ लोक गायक दुर्गा रायमाझीले अब प्रतिष्ठानमा बौद्धिक बहस चलाउन आवश्यक रहेको बताएका छन् । शनिबार पाल्पाको तानसेनमा राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान पाल्पाको २२ औं साधारण सभालाई सम्बोधन गर्दै उनले लोक गीत संगीतमा देखिएका समस्या र विकृतिहरुलाई पहिचान गरी समाधान गर्न प्रतिष्ठानमा बौद्धिक बहस चलाउन आवश्यक रहेको बताएका हुन् ।

प्रमख अतिथि समेत रहेका गायक रायमाझीले पछिल्लो समय लोक सांगीतिक क्षेत्रमा विकृतिहरु भित्रिएको र तिनिहरुलाई नीतिगत रुपमा समाधान गर्न प्रतिष्ठानका शाखाहरुबाटै बौद्धिक बहस चलाउन जरुरी रहेको उल्लेख गरे । उनले भने ‘प्रतिष्ठानमा रहनुभएका कानुनी सल्लाहकार, प्रेस सल्लाहकार र अन्य सल्लाहकारहरुसँग बसेर बेला बेलामा बौद्धिक छलफल र बहस चलाऔं, जसले गर्दा प्रतिष्ठानलाई थप विश्वासिलो र भरपर्दो बनाउन सकिन्छ ।’ कलाकार र पत्रकारहरुको उद्देश्य उस्तै उस्तै भएकाले




पत्रकारहरुसँग बसेर लोक संगीतका समस्याका बारेमा छलफल गर्न गायक रायमाझीले प्रतिष्ठान पाल्पालाई आग्रह समेत गरे । उनले प्रतिष्ठान केन्द्रीय समितिको आगामी असोज ११/१२ गते पोखरामा हुने दोस्रो साधारण सभालाई विधान सभाको रुपमा लिइने भएकाले प्रतिष्ठानमा भएका समस्याहरुका बारेमा छलफल गरी एजेण्डाका रुपमा विधान सभामा लैजान जिल्ला नेतृत्वलाई सुझाव दिए । रायमाझीले भने ‘विधान सभामा प्रतिष्ठानका हरेक काम कर्तव्य, जिल्ला, प्रदेश र केन्द्रसँगको समन्वय, लोक संगीतामा देखिएका समस्याहरुका बारेमा व्यापक छलफल भई विधान संशोधन गरिने भएकाले पाल्पाबाट समेत छलफल गरेर केही विषयहरु सभामा लैजानुहोस्, यसले प्रतिष्ठानमा भएका समस्या समाधन गर्न र प्रदेश, केन्द्रसँगको समन्वयलाई थप प्रभावकारी बनाउन विधान संशोधनमा सहयोग पुग्छ ।’

कार्यक्रममा विशिष्ट अतिथि प्रतिष्ठानका केन्द्रीय कोषाध्यक्ष अमृत अधिकारीले पाल्पाली कलाकारहरुले सिंगो देशको नेतृत्व गर्दै उच्च छवि बनाएको स्मरण गर्दै त्यसलाई कायम राख्न प्रतिष्ठान पाल्पा शाखालाई आग्रह गरे । उनले पछिल्लो समय लोक संगीतमा केही विकृति विसंगतीहरु आएकाले त्यसलाई नियन्त्रण गर्ने कुरामा प्रतिष्ठान निरन्तर लागेको बताए । कोषाध्यक्ष अधिकारीले प्रतिष्ठान नियमन गर्ने निकाय नभएकाले पनि गर्दा गर्दै विकृति विसंगीत रोक्न नसकिएको उल्लेख गरे ।

फरक प्रसंगमा उनले समाज परिवार्तनका संवाहक कलाकार भएकाले समाज रुपान्तरणका लागि सचेतना जगाउने कुरामा प्रतिष्ठानलाई साथमा लिएर अगाडि बढ्न स्थानीय सरकारलाई समेत आग्रह गरे । प्रतिष्ठानका पूर्व केन्द्रीय कोषाध्यक्ष तथा वरिष्ठ गायक इन्द्र जिसीले लोक संस्कृतिको संरक्षणमा लाग्न प्रतिष्ठानलाई आग्रह गरे । उनले हराउदै जान थालेको मौलिक लोकसंस्कृतिलाई जर्गेना गर्नु प्रतिष्ठानको मुख्य उद्देश्य रहेको भन्दै त्यसको संरक्षणमा लाग्न प्रतिष्ठानलाई आग्रह गरेका हुन् । प्रतिष्ठान पाल्पाका संस्थापक अध्यक्ष तथा राष्ट्रिय लोक भजन, चुट्का संरक्षण प्रतिष्ठान नेपालका केन्द्रीय अध्यक्ष नारायण खनाल लेकालीले पालपाली पूर्वज कलाकारहरुले लोकसंस्कृति संरक्षणमा नेतृत्वदायी भूमिका खेलेको बताउँदै नयाँ कलाकारहरुले त्यसको छवि कायम राख्नुपर्नेमा जोड दिए । उनले टुँडिखेलमा ४/५ जना जम्मा भएर गठन भएको पाल्पा प्रतिष्ठान अहिले २२ वर्षमा प्रवेश गर्न सफल भएकोमा सहयोग गर्ने सबैलाई धन्यवाद समेत दिए ।

-बाँकी अन्तिम पेजमा

**दूषित पानीका कारण हुने रोगप्रति सजग रहौं**

फोहोर पानीको प्रयोगले झाडापखाला, हैजा, टाइफाईड, आउँ, जण्डिसजस्ता रोगहरु लाग्न सक्छन् ।

त्यसैले:

- खोला, धारा वा मूलको पानी सिधै नपिऔं,
- पानी उमालेर मात्र पिऔं,
- उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर पिऔं,
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौ र सफा भाँडाले पानी झिक्ने गरौं।
- भाँडाहरु सफा पानीले पखालौ ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## यातायात सम्बन्धी छलफल : व्यवस्थित र गुणस्तरीय सेवामा जोड

**पाल्पा,** भदौ ८/जिल्लाको रामपुरमा यातायात व्यवस्था सम्बन्धी छलफल भएको छ । रामपुर नगरपालिकाको आयोजनामा यातायात व्यवसायी, जनप्रतिनिधि, राजनैतिक दल, इलाका प्रशासन, इलाका प्रहरी र सरोकारवालाहरुबिच नगर भित्र यातायात सञ्चालन तथा व्यवस्थापन सम्बन्धी छलफल भएको हो ।

छलफलमा यातायात व्यवस्थालाई थप व्यवस्थित र गुणस्तरीय बनाउने दिशामा ध्यान दिन जोड दिइएको छ । रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापाले सहज, सरल पहुँचसहितको व्यवस्थित यातायात सञ्चालनका लागि सबै सरोकारवालाहरुको महत्वपूर्ण भूमिका आवश्यक रहेको भन्दै त्यसतर्फ ध्यान दिन आग्रह गरे । उनले गुणस्तरीय यातायात सेवाका लागि यातायात व्यवसायी, सवारी धनी, चालक, यातायात मजदुरले विशेष ध्यान दिनुपर्नेमा जोड दिए । नगर प्रमुख थापाले यात्रुको सुविधाका लागि



यातायात व्यवसायीहरुलाई निर्धारित भाडादरमा अधिकतम सेवा दिन निर्देशन समेत दिए । रामपुर नगरपालिकाको सभाहलमा भएको छलफलले यातायात सेवालाई थप व्यवस्थित बनाउने लैजाने निर्णय समेत गरेको छ । नगरपालिकाको निगरानिमा सञ्चालन हुने भ्यान र अटोको भाडादर संशोधन सहित समायोजन, यस अघि भएको सवारी पार्किङ्ग सम्बन्धी निर्णय कार्यान्वयन गर्ने, अटोको सेवा क्षेत्र विस्तार गर्ने, पाँच वर्ष भन्दा पुरानो अटो सञ्चालन गर्न नपाउने, सबै सवारी साधनमा भाडा दरको लिष्ट टाँस्नु पर्ने, रामपुर नगरपालिकाको बसपार्क व्यवस्थापन कार्यविधि र बजार क्षेत्र सवारी साधन पार्किङ्ग व्यवस्थापन कार्यविधिमा उल्लेख भएका सम्पूर्ण व्यवस्था पूर्ण रुपमा कार्यान्वयन गर्ने गराउने निर्णय समेत भएको नगरपालिकाका प्रेस संयोजक दानु हिस्कीले जानकारी दिए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## किन रोकिन्न सवारी दुर्घटना ?

नेपालमा दिनहुँजसो सवारी दुर्घटना हुने गरेका छन् । डेढ महिना अघि त्रिशूलीमा दुई वटा बस खसेर २४ जनाको मृत्यु हुनुको साथै ४० जना बेपत्ता भएको घटना सेलाउन नपाउँदै पुन: शुक्रबार अर्को दर्दानाक सवारी दुर्घटना भयो । पोखराबाट काठमाडौंतर्फ गइरहेको भारतीय तीर्थयात्री बोकेको बस तनहुँको आँबुखैरेनीस्थित ऐनापहरास्थित मर्स्याङ्दी नदीमा खस्दा २७ जना तीर्थयात्रीको ज्यान जानुको साथै १६ जना घाइते भए । यो घटनाले मानिसको ज्यान मात्र गएको छैन् पर्यटकीय क्षेत्रमा समेत ठूलो क्षति पुगेको छ । कहिले जहाज दुर्घटना, कहिले बस दुर्घटना, कतै बाढी, कतै पहिरोले गर्दा विदेशीहरू नेपाल भ्रमण आउन आनाकानी गरिरहेको अवस्थामा यो घटनाले थप चिन्ता पैदा गरेको छ ।

मर्स्याङ्दीमा भएको घटनाको यथार्थ कारण नखुले पनि साँघुरो, जीर्ण सडक तथा चालकको लापरवाहीले सवारी दुर्घटना हुने गरेका छन् । दुर्घटना न्यूनीकरणका लागि विभिन्न प्रयास हुन्छन् तर दुर्घटनामा नागरिकले अनाहकमा मृत्युवरण गरिरहनुपर्ने अवस्था यथावत् छ । दैनिक हुने साना दुर्घटनामा त कसैको ध्यान जाँदैन तर जब ठूलो दुर्घटना हुन्छ तबमात्र राज्यसंयन्त्रले छानविन समिति बनाउनेदेखि राहतका कुरा उठाउँछ । पीडामा परेकाबाहेक केही दिनमै सबैले यी कुरा बिर्सन्छन् । पीडक पीडामै हुन्छन्, दुर्घटना गराउने सहजै उम्कन्छन् । यही नियतिले पछिल्लो समय सडक दुर्घटनाका समाचार सुनिँदै आइएको छ । सवारी दुर्घटनाबाट वर्षेनी ठूलो संख्यामा नागरिकले जीवन गुमाउनुपर्दा सरकारले गम्भीरतापूर्वक लिनसकेको छैन् । अनाहकमा जीवन गुमाएका या अंगभंग भएर बाँच्नुपरेका नागरिकहरूको संख्या सरकारका लागि चिन्ताको विषय नभएर केवल तथ्यांक हो भन्दा फरक पर्दैन । दुर्घटना रोकेर रोकिने होइन् तर सावधानी अपाउन सके धेरैभन्दा धेरै कम गर्न सकिन्छ भन्ने हो ।

प्राय: साधनहरु तीव्र गतिमा रहने गरेको हुँदा अनियन्त्रित हुने गर्छन् र दुर्घटनाको शिकार हुन्छन् । कतिपय सवारीसाधनका चालकहरुले मादक पदार्थ सेवन गरेर चलाउने, गाडी चलाउँदा चलाउँदै मोबाइलमा व्यस्त रहने गरेको हुँदा पनि दुर्घटनाहरु भैरहेका छन् भने कतै चालक निदाएर पनि घटनाहरु घटिरहेको देखिन्छ । तर सडक दुर्घटनाका यस्ता विकराल अवस्थाले सरकारमा बसेकालाई खासै छोएको देखिँदैन ।

सडक दुर्घटनामा भइरहेका कहालीलाग्दा दु:खान्तहरूले सम्बन्धित परिवारलाई मात्र होइन, शासकहरूलाई पनि दुख्नुपर्छ । सडक सुरक्षाको सवाल कुनै ठूलो दुर्घटना भएपछि सामान्य चर्चाको विषय बन्ने र पछि त्यसै सेलाउने हुनु हुँदैन । यसबारे व्यवस्थित कार्ययोजना बनाएर त्यसको यथोचित कार्यान्वयन गर्न सरकारले अब ढिलाइ गर्नु हुन्न ।

## Opinion @ Social Network

पानीमा डुब्दैमा मरिदैन साथी मृत्यु त तब हुन्छ,
जब आफुलाई पौडीन आउदैन !

*(राधा आलेकोफेसबुक स्टाटसबाट https://www.facebook.com/ale.radha48 )*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# 'सेवा' भनेकैले राजनीति बिग्रिएको त होइन ?



डा. अतीन्द्र दाहाल

*यदि राजनीति नागरिक समर्पित नभए अनि जनताको खास चासो र सरोकारभन्दा बाहिर गए समाजका अरू सबै क्षेत्र पनि कुरूप तथा असंगतिपूर्ण बन्दै जान्छन् । त्यही भएर साहित्यकार स्व. जगदीश घिमिरेले उनको कृति 'सकस'मा समाजका अन्य विधा र पक्षलाई सहायक बाटो अनि राजनीतिलाई मूल बाटो भनेका छन् । दार्शनिक र साहित्यकारहरूले फरक/फरक धारणा व्यक्त गरे पनि राजनीतिमा नै संलग्न नेताहरू स्वयं भने राजनीतिलाई सेवा मान्छन् । राजनीतिक अभ्यास मार्फत देश र नागरिकको सेवा गरिरहेको भनेर आत्मप्रशंसाको अलाप लगाउँछन्। साँच्चै उनीहरूका गतिविधिलाई परिवारका सदस्य बाहेक अन्यले पनि सेवा नै मानेका छन् कि छैनन् भन्नेचाहिं कहीं कतै मापन गरिएको छैन । नेताहरूले जनताको सेवा कुन तह र तरिकाले गरेका छन् भन्ने वास्तविकतालाई थुप्रै तथ्यांकले उजागर गरेकै छ । व्यापार घाटा थेगिनसक्नु छ । एक वर्षमा ७ लाख युवा विदेशिएका छन् । दुई लाख बढी उच्च शिक्षा अध्ययनमा गएका छन् । वास्तवमा त्यो दुई लाखचाहिं विदेशिएका होइनन्, एक ढंगले देश नै छाडेका हुन् । विदेशिएका त कुनै दिन देशमा आउँछन् ।*

राजनीतिलाई नीतिहरू मध्येको राजा हो भन्ने मानिन्छ । प्राचीन दार्शनिक अरस्तुले राजनीतिलाई विज्ञानकी रानी भन्थे । कुनै पनि देशको विकास अथवा अविकासमा राजनीतिको प्रधान भूमिका रहन्छ । केन्द्र नीति अथवा मियो नीति भएका कारण राजनीति सफा, शुद्ध तथा जनताकेन्द्रित भए समाजका अन्य सबै क्षेत्र र विधा स्वत: उही लयमा बहन थाल्छन् ।

यदि राजनीति नागरिक समर्पित नभए अनि जनताको खास चासो र सरोकारभन्दा बाहिर गए समाजका अरू सबै क्षेत्र पनि कुरूप तथा असंगतिपूर्ण बन्दै जान्छन् । त्यही भएर साहित्यकार स्व. जगदीश घिमिरेले उनको कृति 'सकस'मा समाजका अन्य विधा र पक्षलाई सहायक बाटो अनि राजनीतिलाई मूल बाटो भनेका छन् । दार्शनिक र साहित्यकारहरूले फरक/फरक धारणा व्यक्त गरे पनि राजनीतिमा नै संलग्न नेताहरू स्वयं भने राजनीतिलाई सेवा मान्छन् । राजनीतिक अभ्यास मार्फत देश र नागरिकको सेवा गरिरहेको भनेर आत्मप्रशंसाको अलाप लगाउँछन्। साँच्चै उनीहरूका गतिविधिलाई परिवारका सदस्य बाहेक अन्यले पनि सेवा नै मानेका छन् कि छैनन् भन्नेचाहिं कहीं कतै मापन गरिएको छैन । नेताहरूले जनताको सेवा कुन तह र तरिकाले गरेका छन् भन्ने वास्तविकतालाई थुप्रै तथ्यांकले उजागर गरेकै छ । व्यापार घाटा थेगिनसक्नु छ । एक वर्षमा ७ लाख युवा विदेशिएका छन् ।

दुई लाख बढी उच्च शिक्षा अध्ययनमा गएका छन् । वास्तवमा त्यो दुई लाखचाहिं विदेशिएका होइनन्, एक ढंगले देश नै छाडेका हुन् । विदेशिएका त कुनै दिन देशमा आउँछन् । तर पढ्ने नाममा गएका अब फर्किएर आउने सम्भावना निकै कम देखिन्छ ।

भ्रष्टाचारमा कीर्तिमान बनिरहेका देखिन्छन् । नेताहरू नमिलेर मात्र देश बिग्रिएको होइन, मिल्दा पनि बिगार्दा नै रहेछन् भन्ने कुरा यी विविध काण्डबाट प्रस्ट भएकै छ । सरकार र नेताप्रति नागरिकमा सामान्य विश्वसनीयता पनि छैन । राजनीति नि:सन्देह र नागरिक निराश छन् । कुनै पनि बेला बंगलादेशको जस्तो विद्रोह फुट्न सक्छ भन्नेहरूको पनि कमि छैन । तर कहींकतै हाम्रो देशको राजनीतिले नागरिक अपेक्षा पूरा गर्न नसक्नुमा चाहिं 'राजनीति भनेको सेवा हो' भन्ने मान्यता नै प्रधान कारण बनेको त छैन भन्ने प्रश्न जन्मिएको छ । सेवा भन्ने वित्तिकै स्वेच्छाले गर्ने अथवा स्वेच्छिक काम हो । मन लागे गर्ने र मन नलागे नगर्ने गर्न पाइन्छ । सेवा फगत आफ्नो आनन्द र खुसीका लागि गरिन्छ । सेवामा आफूलाई केन्द्रमा राखिन्छ । मैले सेवा गरेको छु, त्यही भएर म मुख्य अथवा प्रधान हुँ भन्ने भावना अव्यक्त हुन्छ । अरूबाट कृतज्ञता अपेक्षा गरिन्छ । अरूको आवश्यकता हैन, आफ्नो खुसी मुख्य हुन्छ । सेवा कति र कुन मात्रामा गर्नुपर्छ भन्ने कुनै निश्चित मापदण्ड पनि हुँदैन । आफूले चाहेकालाई सेवा गर्ने र नचाहेकालाई नगर्दा पनि हुन्छ । सेवा सबैलाई गर्नुपर्छ भन्ने कुनै बाध्यात्मक परिस्थिति हुँदैन ।

सेवा गर्दा आफूले रुचाए अनुसारको मात्र गर्ने छुट हुन्छ । सेवा गर्ने भनेको अपेक्षितको अथवा ग्राहीको आवश्यकता अथवा आशा अनुरूप नै हुनुपर्छ भन्ने छैन । दिनेले जे र जति दियो पाउनेले त्यही र त्यतिमा नै खुसी अनि सन्तोष व्यक्त गर्नुपर्छ । अझ दिनेप्रति अनुग्रहित र कृतज्ञ पनि बन्नुपर्छ । सेवाका लागि वतन अथवा लाभ लिन पाइँदैन । सेवा गरे बापत कुनै प्रतिफल अथवा भुक्तानी आशा गरिंदैन । सेवा नगरे बापत कसैलाई दण्ड-जरिवाना गर्न मिल्दैन । सेवा नगर्दा कुनै कानुन आकर्षित गराउन सकिंदैन । सेवा भनेर गरेपछि कथम्कदाचित गलत नै मनसाय राखे पनि राम्रो भावले गरेको भनेर त्यसलाई छुट दिनुपर्ने हुन्छ ।

तर जिम्मेवारी पूरा नगरे वा गलत गरे बापत भने दण्ड-सजाय गर्न पाइन्छ । उनीहरूले गलत गर्दा नेतृत्वलाई दण्ड-सजाय भएका विश्वमा अनेकन् उदाहरण छन् । राष्ट्रलाई घाटा लगाएको कारण केही वर्ष पहिले चीनका पूर्व रेलमन्त्री लिउ जिझुन र अर्को वर्ष उच्च बैंकर लियाई जिआओमिनलाई मृत्युदण्ड दिइयो । नागरिक र देशप्रतिको जिम्मेवारी पूरा नगरेको तर भ्रष्टाचारमा संलग्न भएबापत पछिल्लो दुई वर्षमा चीन, साउदी अरेबिया र अमेरिकामा दर्जनौंलाई मृत्युदण्ड दिइएको हुनसक्ने अनुमान एम्नेष्टी इन्टरनेशनलको छ ।

सन् १९६७ बाट १९९८ सम्मका इन्डोनेसियाका राष्ट्रपति मोहम्मद सुहार्नेलाई लगभग ३५ अर्ब डलर अपचलन गरेकोमा दण्ड भयो । सन् २०१२ मा फिजीका पूर्व प्रधानमन्त्री लाइसेनिया क्वारिजलाई भ्रष्टाचार आरोपमा जेल चलान गरियो । ब्राजिलमा भएको एक घोटालामा २०१२ मै त्यहाँका शक्तिशाली नेता जोस डिरेकु दण्डित हुनुपऱ्यो । अर्को एउटा समान मुद्दामा २०१२ मा नै क्रोएसियाका पूर्व प्रधानमन्त्री इभो सनादरलाई १० वर्ष कैद सुनाइयो । इजरायलका पूर्व प्रधानमन्त्री इहुद अर्लमर्टलाई ६ वर्षको जेल सजाय भयो । बंगलादेशमा पूर्व प्रधानमन्त्री वेगम खालिदा जियालाई पनि भ्रष्टाचारको अभियोगमा १८ वर्ष जेल तोकिएको थियो । तर हाम्रो देशमा राजनीतिमा संलग्न भएर राम्रो गर्ने वा नगर्ने वा गलत गर्ने सबैलाई समान व्यवहार र सुविधा प्राप्त छ । सदैव उत्तिकै उन्मुक्त छन् । देश गरिबीमा डुब्दैछ, नेता अर्बपतिमा उक्लदैछन् । देश नबने पनि नेताहरू भने बनेका छन् । देश नफेरिए पनि, नेताहरू प्रशस्तै फेरिएका छन् । देशको नभए पनि नेताको चाहिं विकास भएकै छ ।

हामी आमनागरिकलाई चाहिं राजनीतिलाई सेवा भनेर गलत भाष्य निर्माण गराइयो । तसर्थ राजनीति गर्नेहरूले कुनै जिम्मेवारी वहन गर्नुपर्छ भन्ने मनन् गराइएन । नागरिकको अपेक्षा पूरा गर्नुपर्ने नैतिक दायित्व निर्माण गराइएन । उनीहरूको निष्प्रभावितामा दण्ड र सजाय हुनुपर्छ भन्ने चेत निर्माण हुन दिइएन । जे सके त्यही गरे, नसकेको सबैमा माफी-मिनाहा तथा छुट हुन्छ भन्ने मनोविज्ञान निर्माण गराइयो । सेवा हो, उनीहरूको मर्जी अनुसार गरे भनेर सबैलाई स्वत: स्वीकार्ने आदत अनि आचरण विकसित गराइयो ।

अब राजनीतिलाई सेवाको गलत भाष्यबाट मुक्ति दिएर जिम्मेवारीको रूपमा बुझ्नुपर्छ । जिम्मेवारीमा यसलाई बहन गर्ने मापदण्ड हुन्छ । आफूले चाहे अनुसार हैन, ग्राही र नियोक्ताले अपेक्षा गरे अनुसार कार्यसम्पादन गर्नुपर्छ। त्यसो गर्न नसकेमा जिम्मेवारीबाट मुक्त हुने मात्र हैन, दण्ड-सजाय पनि भोग्नुपर्छ। आफ्नो अक्षमताले भएको हानि-नोक्सानीको क्षतिपूर्ति दिनुपर्छ । आत्म-आलोचित समेत हुनुपर्छ । तसर्थ राजनीतिलाई अब सेवा नभई जिम्मेवारीको रूपमा बुझ्ने र बुझाउने माहोल तथा मनोविज्ञान निर्माण हुनुपर्छ । जबसम्म राजनीतिलाई सेवा मान्ने भुलभुलैया समाजमा व्याप्त रहन्छ, तबसम्म राजनीतिज्ञहरू गैरजिम्मेवार र मनमौजी भइरहन्छन् । देश अधोगतिको मार्गमा लम्किरहन्छ । राजनीतिलाई सेवा भनेर व्याख्या गर्नु नै नागरिकप्रतिको दायित्व र जिम्मेवारीबाट भाग्नु अथवा राजनीतिलाई बिगार्नु हो ।

*-अनलाइनखबर डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ । शुभकार्यको चर्चा चल्नेछ । | **तुला** : शुभकार्यको चर्चा चल्नेछ । प्रेममा सफलता प्राप्त हुनेछ । |
| **बृष** : प्रेमीको सहयोग प्राप्त हुनेछ । परिवारमा सुख सन्तोष छाउनेछ । | **बृश्चिक** :न्यायिक कार्यमा सफलता मिल्नेछ । आँटेको कार्य पुरा होला । |
| **मिथुन** : मनमा दुबिधा उत्पन्न हुनेछ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नुपर्ला। | **धनु** : आफन्तको प्रगतिमा मन रमाउनेछ। नयाँ कार्यको योजना बन्नेछ । |
| **कर्कट** : धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । कलाको प्रभाव बढ्नेछ । | **मकर** : स्वास्थ्य सम्बन्धी चिन्ता बढ्नेछ। सौन्दर्यतामा धन खर्च हुनेछ । |
| **सिंह** : विशिष्ट व्यक्तिबाट हौसला प्राप्त हुनेछ । मनोरञ्जन पनि होला । | **कुम्भ** : घरमा अतिथिको आगमन हुनेछ। बोलीको भरमा कार्य सम्पादन हुनेछ । |
| **कन्या** : श्रमदान गर्ने अवसर मिल्नेछ। कुनै समाचारले मनमा शान्ति छाउनेछ। | **मीन** : आफन्तको प्रगतिमा मन रमाउनेछ। सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । |

# 'राष्ट्रप्रेमी' बस्यालले दिए विद्यार्थीलाई कलम



**पाल्पा,** भदौ ८/'राष्ट्रप्रेमी'को नामले परिचित पाल्पाको बगनासकाली गाउँपालिका -८ बेलौतिखरकका सुशिल बस्यालले स्नातक तहका विद्यार्थीहरुलाई कलम दिएका छन् ।

उनले त्रिभुवन बहुमुखी क्याम्पस तानसेन पाल्पाको स्नातक तह तृतिय वर्षको परीक्षा दिन लागेका विद्यार्थीहरुलाई क्याम्पसमै पुगेर कलम वितरण गरेका हुन् । त्रिभुवन बहुमुखी क्याम्पसका स्ववियु सदस्य समेत रहेका बस्यालले विद्यार्थीहरुसँगको सम्बन्धलाई थप प्रभावकारी र प्रगाढ बनाउनुको साथै आफु विद्यार्थीहरुसँगसँगै रहेको आभाष दिन कलम वितरण गरेको बताए । उनले कलम विद्यार्थीहरुका लागि सहयोग नभई भावनात्मक सम्बन्ध र सामाजिक एकताको सन्देश प्रवाह गर्नु रहेको एनजेडीसँगको कुराकानीमा उल्लेख गरे । क्याम्पस स्ववियु सभापति कृष्ण अर्यालले कलम वितरण गरेर बस्यालले सकारात्मक सन्देश प्रवाह गरेको बताए ।

क्याम्पसका पूर्व स्ववियु सभापति हरिवोल भट्टराईले सानै उमेरमा बस्यालले देखाएको सेवाको भावना प्रशंसनिय रहेको बताए । बस्याल राष्ट्रिय फूल लालीगुराँस रोप्ने अभियानका अभियान्ता र सामाजिक क्षेत्रमा सक्रिय युवा समेत हुन् ।उमेरले २२ वर्ष पुगेका उनले गीतमार्फत होस् वा कर्म गरेरै किन नहोस् समाज र देशप्रति राष्ट्रभाव प्रकट गर्दै आएको पाइन्छ । केही वर्ष अघि देशको वास्तविक अवस्थालाई चित्रण गर्दै 'राष्ट्रप्रेमी' नामक देशभक्ति गीत सार्वजनिक गरेका बस्याल अहिले भने शिक्षण पेशासँगै समाजलाई कसरी स्वच्छ, सफा र सुन्दर बनाउन सकिन्छ भन्ने अभियानमा जुटेका छन् ।

उनले समाजलाई स्वच्छ, सुन्दर बनाउन सके नागरिक स्वस्थ हुने र नागरिक स्वस्थ भए समाज र देश स्वस्थ बन्न सक्ने अठोटका साथ समाज स्वच्छ बनाउने दिशामा क्रियाशिल भएका छन् । उनले गाउँलाई हरियाली मात्र होइन राष्ट्रप्रतिको माया सबैलाई जगाउन राष्ट्रिय फूल लालीगुराँस रोप्ने अभियानलाई विगतदेखि नै निरन्तरता दिँदै आएका छन् ।


कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८१ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.

ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


## खेलकुद समाचार

# शिखर धवनद्वारा सन्न्यास घोषणा



**काठमाडौं,** भदौ ८/भारतीय क्रिकेटर शिखर धवनले घरेलुसहित अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यासको घोषणा गरेका छन् । धवनले शनिबार सामाजिक सञ्जालमार्फत सन्यासको घोषणा गरेका हुन् । उनले सामाजिक सञ्जालमा भारतका लागि लामो समय खेलेको भन्दै खुशीसाथ छाड्न लागेको उल्लेख गरेका छन् ।

धवनले अन्तिम पटक सन् २०२२ मा भारतको लागि एक दिवसीय खेल खेलेका थिए । शुभमन गिल र अरु युवा खेलाडीले राम्रो प्रदर्शन गर्न थालेपछि धवन टिममा पर्न छाडेका थिए । उनले ३४ वटा टेस्ट र एक सय ६७ वटा एक दिवसीय र ६८ वटा टी-२० अन्तर्राष्ट्रिय प्रतियोगितामा खेलेका छन् । एक दिवसीयमा ६ हजार सात सय ९३ रन र टेस्ट प्रतियोगिताको ५८ पारिमा दुई हजार तीन सय १५ रन बनाएका धवनले टेस्ट डेब्युमा सबैभन्दा कम बलमा शतक बनाउँने कीर्तिमान समेत राखेका छन् । उनले मोहालीमा अस्ट्रेलियाविरुद्धको खेलमा डेब्यु गर्दै ८५ बलमा शतक बनाएका थिए । उनी एक दिवसीय क्रिकेटमा पाँच हजार भन्दा बढी रन बनाउने आठ जना ब्याटर मध्ये एक हुन् ।

## प्रतिष्ठानमा...

...कार्यक्रममा प्रतिष्ठान पाल्पाका पूर्व सचिव तथा राष्ट्रिय स्वतन्त्र पार्टी पाल्पाका कार्यवाहक सभापति सुमन गैरे, प्रतिष्ठानका सल्लाहकार तथा तानसेन -६ का वडा अध्यक्ष सागरमान महर्जन, अर्का सल्लाहकार तथा उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य मोहनप्रसाद श्रेष्ठ, प्रतिष्ठानका कानुनी सल्लाहकार शिवप्रसाद देवकोटा, प्रेस सल्लाहकार रामचन्द्र रायमाझी लगायतले लोक संस्कृतिको संरक्षण गर्नु स्थानीय सरकारको दायित्व रहेकाले प्रतिष्ठानले स्थानीय सरकारसँग सहकार्य र समन्वय गरेर अगाडि बढ्न आग्रह गरे । सोही अवसरमा प्रतिष्ठानले बाध्यवाजनमा सहयोग गर्ने खिमबहादुर थापा, पाल्पाबाट विभिन्न प्रतियोगितामा सहभागी भई उत्कृष्ट हुने कलाकारहरुलाई सम्मान र अतिथिहरुलाई मायाको चिनो प्रदान गरेको थियो । प्रतिष्ठानका जिल्ला अध्यक्ष कमल भट्टराईको अध्यक्षता, उपाध्यक्ष रुपेश कार्कीको स्वागत, सहसचिव गणेश न्यौपानेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## अर्थ/कर्पोरेट समाचार

# नवलपुरमा थपिए दुई सय उद्योग



**नवलपुर(नवलपरासी),**भदौ ८/आर्थिक वर्ष २०८०/८१ मा नवलपरासी ( बर्दघाट-सुस्तापूर्व) मा दुई सय ६ उद्योग थपिएका छन् । जिल्लामा पाँच सय ६८ उद्योगको नवीकरण गरिएको छ । पर्यटन तथा उद्योग कार्यालय नवलपुर, नवलपरासी (बर्दघाट-सुस्तापूर्व)का कार्यालय प्रमुख प्रभाकर घिमिरेले नवलपुरमा वन तथा पर्यटन उद्योगसँग सम्बन्धित उद्योग थपिने क्रम बढ्दो रहेको बताए । सोही आवमा जिल्लामा एक सय ४८ उद्योगले लगत कट्टा गरेका थिए । हाल जिल्लामा ६ हजार ६ सय ९१ उद्योग कायम रहेका उनले जानकारी दिए । गत आवमा उद्योग दर्ता तथा नवीकरणबाट कार्यालयले १९ लाख ८३ हजार राजस्व सङ्कलन गरेको प्रमुख घिमिरेले बताए । यसैगरी, आव २०८०/८१ मा जिल्लामा वाणिज्यतर्फ दुई सय ९८ व्यवसाय दर्ता भएका छन् । सो अवधिमा आठ सय ९९ व्यवसायीले व्यवसाय नवीकरण गर्दा दुई सय ६ व्यवसायको लगत कट्टा गरिएको छ । जिल्लामा गत आवसम्म आठ हजार पाँच सय सात व्यवसाय कायम रहेको उनले बताए । जिल्लामा वाणिज्यसम्बन्धी दर्ता र नवीकरणबाट २४ लाख ३२ हजार राजस्व सङ्कलन गरिएको प्रमुख घिमिरेले बताए । हाल १५ हजार एक सय ९८ उद्योग तथा वाणिज्य व्यवसाय सञ्चालन छन् । गत आवमा उद्योग तथा वाणिज्य व्यवसायसम्बन्धी दर्ता तथा नवीकरणको कामबाट रु ४४ लाख १६ हजार राजस्व सङ्कलन गरेको कार्यालयले जनाएको छ । *-रासस*

# तानसेनमा निकालियो भिमसेन रथयात्रा



तानसेन नगर परिक्रममा गराउँदै भिमसेन रथयात्रा । तस्वीर : राजेन्द्र गोपाल सिंह

**पाल्पा,** भदौ ८/तानसेनमा भिमसेन रथयात्रा निकालिएको छ । हरेक वर्ष जस्तै तासेनस्थित भिमसेन टोलमा रहेको भिमसेनको रथयात्रा शनिबार निकालिएको हो ।

यो हरेक वर्ष टक्सारटोलमा रहेको श्री ७ सूर्यविनायक गणेशको रथयात्रा निकालेको भोलिपल्ट निकाल्ने गरिन्छ । तानसेनका नेवार समुदायले विशेष गरी यो मनाउने गर्छन् । रथलाई तानसेन नगरपरिक्रम गरी निकालिएको थियो । तानसेनको भिमसेनटोलस्थित भीमसेन मन्दिर परिसरबाट निकालिएको रथ यात्राले तानसेन नगर क्षेत्रका विभिन्न भागको परिक्रमा गरेको थियो । सो क्रममा भीमसेनको मूर्तिलाई खटमा राखेर नगर परिक्रमा गराइएको थियो । नेवार समुदायका मानिससहित अन्य समुदायका व्यक्तिहरुको समेत सहभागिता रहेको थियो । रथ यात्रा गर्दा धेरैजसो नेवार समुदायहरुले आ-आफ्नो घर-घरबाट भगवानलाई पूजा दिएका थिए । इतिहास बोकेको भीमसेन रथ यात्राको रौनक भने विस्तारै हराउँदै गएको छ । आधुनिकताका कारण यो रथ यात्रासँगै पाल्पामा मनाइने जात्रा, चाडपर्वको रौनक घटेको हो । जात्रा खर्चिलो भएकाले पनि आर्थिक अभावका कारण पछिल्ला वर्षहरुमा गाई जात्रा, रोपाइँ जात्रा निकाल्ने प्रचलन कम हुँदै गएको छ ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई